# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२३

महाबु गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना दैलेख अन्तर्गत महाबु गाउँपालिकामा सञ्चालित तपसीलका ग्रीनघर निर्माण, बातावरण संरक्षण सम्बन्धी योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम ग्रीनघर निर्माण सामग्रीहरु, पोलिहाउसका लागि प्लास्टिक , डिप सिँचाइ सेट , किरा जाली तथा ग्रीन घर निर्माणका सम्पुर्ण सामाग्री खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| योजनाको नाम | ठेगाना | ढुवानी गर्नुपर्ने स्थान |
|---|---|---|
| ताराचौर ग्रीनघर निर्माण योजना | म्हाबगाँउपालीका २ दैलेख | महाबुगाउँपालिका २ताराचौर दैलेख |
| भाब्र एकिकृत प्राकृतिक स्रोत ब्याबस्थापन योजना | महाबु गाँउपालीका १ दैलेख | महाबु गाँउपालीका १ भाब्र दैलेख |
| गैडाबाज ग्रीनघर निर्माण योजना | महाबु गाँउपालीका ४ दैलेख | महाबु गाँउपालीका गैडाबाज दैलेख |

शर्तहरु :

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र प्रति फाराम रु. १०००।०० अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने गरी) महाबु गाउँपालिकाको नाममा कुमारी बैंक लिमिटेड शाखा गैडाबाँज दैलेखमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग.१.१ २७४०२४७८१८६००००८ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक **१४२२९ मा) सक्कल** प्रतिको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौ दिनको कार्यालय समय भित्र महाबु गाउँपालिकाको कार्यालय गैडाबाँज दैलेख र जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई , विरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ। विभिन्न आवश्यक निर्माण सामग्री, ग्रीनघर निर्माण सामग्रीहरु, पोलिहाउसका लागि प्लास्टिक , डिप सिँचाइ सेट , किरा जाली तथा ग्रीन घर निर्माणका सम्पुर्ण सामाग्री खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र महाबु गाउँपालिका कार्यालयको वेभसाइट www.mahabumun.gov.np र जलवायु परिवर्तन स्थानिय अनूकुलन परियोजना परियोजनाको वेभसाइट www.laccp.org.np बाट पनी खरिद गर्न सकिने छ । तर सप्लायर्सले कोटेशन दर्ता गर्दा महाबु गाउँपालिकाको नाममा कुमारी बैंक लिमिटेड शाखा गैडाबाँज दैलेखमा रहेको कार्यालयको आन्तरीक राजस्व खाता ग.१.१ आन्तरीक राजस्व खाता - २७४०२४७८१८६००००८ सुत्र अनलाईन भौचरको (राजस्व शीर्षक १४२२९ मा) सक्कल प्रतिका बाहीर देखीने गरी राख्न पर्ने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु ८औ (आठौ) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित पालिकाको कार्यालय दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै नगदी रसिद सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र ग्रीनघर निर्माण सामग्रीहरु, पोलिहाउसका लागि प्लास्टिक , डिप सिँचाइ सेट , किरा जाली तथा ग्रीन घर निर्माणका सम्पुर्ण सामाग्री सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायर्सको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई, हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८औ (आठौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको तपशिलमा उल्लेखित रोडहेडमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरि २०८३ साल असोज ३० गते दिउंसो १२.०० वजे महाबु गाउँपालिकाको कार्यालय, गैडाबाँजमा उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाँउपालीका कार्यालयका प्रतिनिधिहरु र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेट लेख्दा सबै आइटमहरुको दर अनिवार्य रुपमा अक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ । दरभाउपत्रमा उल्लेखित आइटमहरुको दररेटका आधारमा सप्लायर्स छनौट हुने भएकोले अन्य शर्त मान्य हुनछैन ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यबिधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना महाबु गाउँपालिका कार्यालय र सम्बन्धीत वडाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा महाबु गाउँपालिकाको / वास इकाइ ९८६६३६४६४६ मा सर्म्पक गर्न सकिनेछ ।

# सिलबन्दी दरभाउपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२३

महाबु गाँउपालिका/जलवायु परिवर्तन स्थानीय अनूकुलन परियोजना दैलेख अन्तरगत प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२३ महाबु गाँउपालिकामा सञ्चालित तपसीलका ग्रीनघर निर्माण योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम ग्रीनघर निर्माण सामग्रीहरु, पोलिहाउसका लागि प्लास्टिक , डिप सिँचाइ सेट , किरा जाली तथा ग्रीन घर निर्माणका सम्पुर्ण सामाग्री योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्री खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेसिफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुमा रहि खरिद **गर्नको लागि मिति २०८३ साल असोज २३ दैलेखबाट प्रकाशन हुने धमका राष्ट्रिय दैनिक पत्रिका वमोजिम दरभाउपत्र पेश गर्न योग्यता** पुगेका इच्छुक दरभाउ पत्रदाताहरुलाई सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त सामग्री सप्लाई गर्दा निम्न वमोजिमका प्रावधानहरु रहेको व्यहोरा सूचित गरिन्छ ।

शर्तहरु :

१. सामग्री सप्लाइ गर्दा सप्लायरले सुचनामा रहेको उपभोक्ता समितिको गोदाम सम्म ढुवानी गर्नुपर्ने भएकोले दररेट उल्लेख गर्दा ढुवानी दर जोड्नुपर्ने भएमा सामग्रीको दररेटमा नै ढुवानी उल्लेख गर्नुपर्नेछ ।यदी ढुवानी खर्च नजोडेको हकमा उक्त विवरण दरभाउपत्रमा उल्लेख गर्नुपर्दछ । उपभोक्ता समितिवाट अतिरिक्त ढुवानी भाडा भुक्तानी हुनेछैन । उपभोक्ता समितिसँग सम्झौता भएको मितिले ७ दिन भित्रमा सवै सामग्री ढुवानी भैसक्नुपर्नेछ ।

२. सप्लाई गरिएको सामग्रीहरु संलग्न परिमाण, गुणस्तर र तौलको हुनुपर्नेछ । सामग्री ढुवानी गर्नु पूर्व प्राविधिकले सामग्रीको जाँच गर्नेछन् । यदि सामान सप्लाई भैसकेपछि समेत प्राविधिकले जाँच गर्दा सो वमोजिम नरहेको पाइएमा उक्त सामान विना कुनै अतिरिक्त शुल्क सप्लायरले फिर्ता लगी गुणस्तर वमोजिमको अर्को सामान सोही स्थानमा ढुवानी गरीदिनु पर्नेछ ।

३. सप्लाई गरिएको सामाग्रीहरु प्राविधिकवाट जाँच भै प्रमाणित गरेपछि मात्र उपभोक्ता समितिले सप्लायरलाई प्रमाणित सामानको भुक्तानी चेक मार्फत गर्नेछ । सामग्री खरिद वापत उपभोक्ता समितिले कुनै प्रकारको पेश्की दिने छैन ।

४. सप्लाई गरिएका सवै सामानहरु नेपालमा उत्पादितको हकमा नेपाल गुणस्तर NS र भारतमा उत्पादित सामग्रीको हकमा IS चिन्ह अंकित हुनुपर्नेछ । सप्लाई गर्नुपर्ने सामग्रीहरुको स्पेशिफिकेशन यसै कोटेशनमा संलग्न छ ।

५. सामग्रीको मूल्य अंकित गर्दा नेपाली रुपैयामा अँक र अक्षर दुवैमा विना केरमेट लेख्नुपर्नेछ । अँकमा लेखिएको दर अस्पष्ट भएमा वा अँक र अक्षरमा रकम फरक भएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र पेश गर्ने सप्लायरले उपभोक्ता समितिले प्रमाणित गरेको परिमाण सूची (Bill of Quantities) मा मात्र दरभाउ पेश गर्नुपर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

७. सामान सप्लाई गर्दा नियमानुसार लाग्ने सवै करहरु सप्लायरले नै तिर्नुपर्नेछ । रकम भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्र.श कर कटाई भुक्तानी गरिनेछ वा सप्लायरले सो रकम वरावर राजश्व कार्यालयमा बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

८. उपभोक्ता समितिबाट पेश गरिएका बाहेक सप्लायरले कुनै अन्य शर्तहरु राख्न पाउने छैन ।

९. दरभाउपत्रको साथमा फर्मको नविकरण गरिएको दर्ता प्रमाणपत्र, भ्याट दर्ता र अद्यावधिक आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ

१०. छनौट भएको सप्लायरलाई उपभोक्ता समितिले निर्णय गरेको मितिले तीन दिन भित्र सो को जानकारी दिनेछ । जानकारी प्राप्त भएको सात दिनभित्र सम्झौता सम्पन्न गर्नुपर्नेछ र सम्झौता भएको तीन दिन भित्र समितिले कार्यादेश दिनेछ ।

११. *सप्लायरले सूचना प्रकाशित गर्ने उपभोक्ता समितिहरुसँग अलग अलग सम्झौता गरी सामग्री सप्लाइ गर्नेछ र सामग्री सप्लाई भए वमोजिम नै सम्बन्धित* समितिवाट अलग अलग भुक्तानी हुनेछ ।

१२. सप्लायरसग हुने सम्झौताको आधारमा सम्पूर्ण सामग्रीहरु तोकिएको स्थानमा सप्लाई गर्न नसकेमा वा सप्लाई हुन नसक्ने अवस्था देखिएमा उपभोक्ता समितिले सम्झौता रद्द गर्न सक्नेछ ।

१३. प्रकृया नपुगी पेश हुन आएको कोटेशन उपर कुनै कार्यवाही हुनेछैन ।

## खरिद समिति

### योजना नाम ठेगना

४) गैडाबाज ग्रीनघर निर्माण योजना महाबु गाउँपालिका वडा न ४

५) ताराचौर ग्रीनघर निर्माण योजना महाबु गाउँपालिका वडा न २

६) भाब्र एकिकृत प्राकृतिक स्रोत व्याबस्थापन योजना महाबु गाउँपालिका वडा न १

ताराचौर ग्रिन घर निर्माण उ.स. महाबु-२, दैलेख

महाबाज हरित घर निर्माण योजना महाबु ४, दैलेख

Lalit

Sangita

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

# महाबु गाँउपालिकाको कार्यालय

## दैलेख

## जलवायु परिवर्तन स्थानीय अनूकुलन परियोजना

(नेपाल-इयू-फिनल्याण्ड सहयोग)

अन्तर्गत महाबु गाँउपालिकामा सञ्चालन हुने

ग्रीन घर निर्माण योजनाको

# सिलबन्दी दरभाउ पत्र

आर्थिक बर्ष २०८३ । २०८४

**योजना नाम ठेगना**

१) गैडाबाज ग्रीनघर निर्माण योजना महाबु गाउँपालिका वडा न ४

२) ताराचौर ग्रीनघर निर्माण योजना महाबु गाउँपालिका वडा न २

३) भाब्र एकिकृत प्राकृतिक स्रोत व्याबस्थापन योजना महाबु गाउँपालिका वडा न १

## महाबुगाँउपालिका कार्यपालिकाको कार्यालय , दैलेख

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

भात्र एकीकृत प्राकृतिक स्रोत व्यवस्थापन गैडाबाँज ग्रिनघरताराचौर ग्रिनघर निर्माण योजना

दरभाउपत्र

ढुवानी गर्ने रोड हेडको स्थान: गैडाबाज , ताराचौर भात्र

| सी.न. | सामग्रीको कोड | सामग्रीको नाम | इकाई | इकाई तौल | भारिको प्रकार | परिणाम: भात्र एकीकृत प्राकृतिक | गैडाबाँज ग्रिनघर | ० | ताराचौर ग्रिनघर निर्माण | जम्मा परिणाम | दर रू.: अंकमा | अक्षरमा | रकम | ब्रान्ड/मापदण्ड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६३ | M185 | पोलिहाउसका लागि प्लास्टिक, सिल पोलिन, १२० GSM — १९.८ केजी (६ मि " १२ मि = ८४ वर्ग मिटर घर ढाक्नका लागि) — प्रति टनेल १८२ वर्ग मिटर | संख्या | २२.०० | सजिलो | १२.० | १२.० | ०.० | ०.० | २४.० | | | | |
| १६२ | | गुमजका लागि प्लास्टिक -१२० जि.एस.एम. ९मि.*१८मि.) | संख्या | १९.०० | सजिलो | | | | १२.० | १२.० | | | | |
| १६४ | M186 | ड्रिप सिँचाइ सेट (५० लिटरको पोलि ट्यांकी, ८ लाइन ड्रिप पाइप, कनेक्टर तथा आवश्यक फिटिङ्स सहित) | सेट | ८.०० | सजिलो | १२.० | १२.० | ०.० | ०.० | २४.० | | | | |
| १६५ | M187 | किरा जाली (३ मिटर मानक चौडाइ) | मीटर | ०.०० | सजिलो | ४३२.० | ४३२.० | ०.० | ०.० | ८६४.० | | | | |
| १६६ | M188 | नेपस्याक स्प्रेयर (१६ लिटर) | वटा | ०.५० | सजिलो | १२.० | १२.० | ०.० | ०.० | २४.० | | | | |
| १६७ | M189 | सेक्याटर (काट्ने कैंची) | वटा | ०.२० | सजिलो | १२.० | १२.० | ०.० | ०.० | २४.० | | | | |
| १६८ | M190 | बीउ — मिश्रित बीउ प्याकेट | वटा | ०.२० | सजिलो | २४.० | २४.० | ०.० | ०.० | ४८.० | | | | |
| १६९ | M191 | क्यारेट | वटा | ०.३० | सजिलो | २४.० | २४.० | ०.० | ०.० | ४८.० | | | | |
| १७० | M192 | झोलमोल मलका लागि ड्रम-५० लिटर | वटा | ०.५० | सजिलो | ३६.० | ३६.० | ०.० | ०.० | ७२.० | | | | |
| १७१ | M193 | थर्मोमिटर | वटा | ०.१० | सजिलो | १२.० | १२.० | ०.० | ०.० | २४.० | | | | |
| १७२ | M194 | प्लास्टिक डोरी | किलो | १.०० | सजिलो | ४९.२ | ४९.२ | ०.० | ०.० | ९८.४ | | | | |
| १७३ | M195 | मल्चिङ प्लास्टिक (१.५ मिटर चौडाइ) | मीटर | ०.३० | सजिलो | ६००.० | ६००.० | ०.० | ६००.० | १८००.० | | | | |
| १७४ | M196 | जिग—ज्याग | मीटर | ०.२० | सजिलो | ४३२.० | ४३२.० | ०.० | ०.० | ८६४.० | | | | |
| १७९ | M205 | हजारी- १० लि. | संख्या | | | १२.० | १.३ | ०.० | - | १३.३१ | | | | |
| १८० | M206 | फिरफिरे | संख्या | | | १२.० | १२.० | ०.० | - | २४.०० | | | | |
| १८१ | M208 | फेरोमेन पासो | संख्या | | | १२.० | १२.० | ०.० | - | २४.०० | | | | |
| १८२ | M209 | जिग ज्याग प्रोफाइल | मि | | | ४५६.० | १२.० | ०.० | - | ४६८.०० | | | | |
| १८३ | M210 | बोरेक्स | के.जि. | | | ९०.० | १२.० | ०.० | - | १०२.०० | | | | |

सप्लायर्सको सहि र छाप

| सी.न. | सामग्रीको कोड | सामग्रीको नाम | इकाई | इकाई तौल | भारिको प्रकार | परिणाम एकीकृत | गैडाबाँज ग्रिनघर | ० | ग्रिनघर | जम्मा परिणाम | दर रू. अंकमा | अक्षरमा | रकम | ब्रान्ड/मापदण्ड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८४ | M211 | बोरिक एसिड | के.जि. | | | ६०.० | ४५६.० | ०.० | - | ५१६.०० | | | | |
| १८५ | M212 | फनेल ट्र्याप | संख्या | | | १२.० | ९०.० | ०.० | - | १०२.०० | | | | |
| जम्मा | | | | | | | | | | | | | | |
| १३% भ्याट | | | | | | | | | | | | | | |
| जम्मा तौल (के.जी.मा ) | | | | | | ५७४३.८ | ५७४३.८ | ०.० | १८०.० | ११६६८ | | | | |
| ढुवानी दर रू. रोड हेड सम्म | | | | | | | | | | | | | | |
| जम्मा ढुवानी रकम रू. | | | | | | | | | | | | | | |
| कुल जम्मा (भ्याट र ढुवानी सहित) रू. | | | | | | | | | | | | | | |

Lalit

बाह्य निर्माण समाग्री संयुक्त खरिद समिति ☆ दैलेख ☆ महाबु गा.पा.,